म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७० सोमबार, १० कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 27 October 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध खैरोहेरोइन सहित एकजना पक्राउ

हेटौंडा, ९ कात्तिक/मकवानपुर प्रहरीले लागूऔषध खैरोहेरोइनसहित एकजनालाई पक्राउ गरेको छ । हेटौंडा-१५, रातोमाटेबाट लागूऔषध खैरोहेरोइनसहित भरतपुर महानगरपालिका-१२ का २७ वर्षीय लभ ठकुरीलाई लागूऔषध खैरोहेरोइन ९ ग्राम ५८० मिलिग्रामसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको बा प्र ०३-००१ ज ५१३ नम्बरको यात्रुबाहक भ्यानमा सवार ठकुरीको साथबाट लागूऔषध बरामद भएको प्रहरीले जानकारी दिएको छ । ठकुरीलाई नियन्त्रणमा लिई कानून बमोजिम कारबाही तथा थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# आज छठपर्वको मुख्य दिन, सूर्यपूजा गरी मनाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ आज छठपर्वको मुख्य दिन, सूर्यको आरधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइँदैछ । काठमाडौं उपत्यकासहित मिथिलाञ्चल क्षेत्रमा छठपर्वको विशेष रौनक छ । छठको अवसरमा संघीय सरकारले आज सार्वजनिक विदा पनि दिएको छ ।

नेपालको तराई क्षेत्रमा मुख्यपर्वको रुपमा मनाइने छठपर्वको लोकप्रियता पछिल्ला वर्षमा पहाडीभेगमा पनि निकै बढेको छ । धार्मिक आस्था, सांस्कृतिक एकता र सामाजिक सद्भावलाई सुदृढ पार्ने माध्यम बनेको यो पर्व अब सबै समुदायको साझा उत्सवको रुपमा स्थापित भएको छ । मकवानपुरमा पनि विगत ३५ वर्षदेखि निरन्तर रुपमा छठपर्व मनाइँदै आएको छ । यसवर्ष पनि हेटौंडा उपमहानगर पालिका-१ स्थित राप्तीखोलाको किनारमा भव्य तयारी गरिएको छ । मकवानपुरमा प्रत्येक वर्ष छठ मनाउनेको संख्या बढ्दै गएको छ ।



विशेषत: मधेशी समुदायले मनाउने छठ पर्व मकवानपुरमा पहाडी समुदायले पनि मनाउन थालेका छन् । छठले मकवानपुरमा मधेशी र पहाडी समुदायबीचको सद्भाव र आपसी सम्बन्ध सुमधुर बन्दै गएको छ । यसवर्ष हेटौंडाको राप्तीतटमा करिव ६० हजार भक्तजन आउने आयोजकको अनुमान छ । सामूहिकरुपमा पूजाका लागि २० फिट चौडा र ६५० फिट लम्बाइका ३५ वटा पण्डाल तयार भइरहेको संयुक्त मधेशी सेवा समाज नेपाल मकवानपुरका सचिव नन्दलाल दासले जानकारी दिए ।

छठ पर्व कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइन्छ । छठका व्रतालुले कात्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् । छठको मुख्य दिन आज साँझ अस्ताउँदो सूर्यलाई पूजाआरधना गरी अर्घ दिइँदैछ । भोलि उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ सम्पन्न हुन्छ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँचपाण्डव अज्ञातवासमा रहँदा गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आरधना गरिएको थियो । त्यो समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोककथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्यपुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठव्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठपर्व' मनाउने परम्पराको सुरुवात भएको विश्वास गरिन्छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन । सूर्यकिरणको चिकित्सामाथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचार समेत खोजिएको छ ।

साम्बपुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षी दुर्वाशाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्वसूर्यको आरधनाको फलस्वरुप रोगमुक्त हुन गएको भन्ने चर्चा छ । छठपर्वमा व्रतगरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पाझुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यसपर्वमा जो व्रत बस्न सक्दैन उसले अर्कोबाट व्रत गराउने गर्छन् । आर्थिक अभाव भएका मानिस भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् ।

छालासम्बन्धी रोग निदानका लागि, पुत्रप्राप्तिका लागि र भाकल पूरा गर्न मानिसहरु भक्तिमा लीन भएर नजिकैको पोखरी जलाशय कुण्डमा गई यसदिन छठपूजा गर्दछन् । छठको पूजा गर्दा उखु, केराको बोट, बेसार, अदुवा, नरिवल, जौ, भुसुवा, ठेकुवा, फलफूल, मिठाईजस्ता सामग्रीको आवश्यकता पर्दछ । सम्पूर्ण प्राणीलाई विना कुनै भेदभाद समान शक्ति, ताप र किरण दिने समानताको प्रतीक सूर्यको यसै महिमालाई आत्मसात् गर्दै सूर्यको पूजा प्रार्थना र आराधना तन, मन लगाएर चार दिनसम्म गरिन्छ ।

**यस्तो छ छठ पर्वको ब्रतविधि**

कात्तिक शुक्लचतुर्थीका दिन स्नान गरी एकछाक खाएर बस्ने गरिन्छ । दोस्रोदिन कार्तिक शुक्ल पञ्चमीमा सख्खर हालेर बनाइएको खीर (खरना) षष्ठिमातालाई चढाई अलिकति व्रतालुले प्रसादस्वरुप खाने र नुन नखाई एकछाक फलाहार गरिन्छ ।

यो पर्वको मुख्य दिन कात्तिक शुक्ल षष्ठिका दिन कठोर निराहार व्रत गरी बेलुकी अस्ताउँदो सूर्यलाई पूजा आरधना गरी अर्घ दिने विधिविधान छ । षष्ठिका दिन रातभर जागा बसी कात्तिक शुक्लसप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजाआरधना गरी विधिपूर्वक अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ ।

कात्तिक शुक्लपक्षमा विधिपूर्वक सूर्यको पूजाआरधना गरी अर्घ दिएमा चर्मरोग लाग्दैन भन्ने धार्मिक विश्वाससमेत छ । वि.सं. २०४६ अघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रियस्वरुप ग्रहण गरेको छ । वि.सं. २०४६ देखि नै सरकारले यो पर्वका अवसरमा राज्यभर सार्वजनिक बिदा दिने गरेको छ ।

# बागमती प्रदेशसभा बैठक कात्तिक तेस्रो साता बस्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ लामो समयदेखि बस्न नसकेको बागमती प्रदेशसभाको बैठक कात्तिक तेस्रो साता बस्ने तयारी भइरहेको छ ।

प्रदेशका उपसभामुख अप्सरा चापागाईंका अनुसार छठपर्व लगत्तै प्रदेशसभाको बैठक बोलाउने तयारी भइरहेको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेतासँग प्रदेशसभाको बैठक आह्वान गर्ने विषयमा छलफल भइरहेको उनले बताइन् । राजनीतिक दलका नेतासँग परामर्श भइरहेको र परामर्श पश्चात् प्रदेशसभाको बैठकको मिति तय हुने उपसभामुख चापागाईंको भनाइ छ । सम्भवत: काात्तिकको तेस्रो सातातिर बैठक बोलाउने गरी छलफल अघि बढेको उनले बताइन् । प्रदेशसभाको सभाहल जेनजी प्रदर्शनका क्रममा तोडफोड र आगजनीबाट ध्वस्त भएपछि हेटौंडा उपमहानगर पालिका-२ स्थित मुख्यमन्त्री कार्यालयको सभाहलबाट बैठक सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी थालेको छ ।



तत्कालका लागि अस्थायी रुपमा मुख्यमन्त्री कार्यालयको नवनिर्मित सभाहलबाट बैठक सञ्चालन गर्ने गरी प्रदेश सरकारले तयारी थालेको हो । जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त बनेको यो हललाई सामान्य मर्मत गरेर प्रदेशसभा सञ्चालन गर्ने तयारी भइरहेको प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए । 'अहिले यो भवनलाई मर्मतसम्भार, सरसफाइ र व्यवस्थापनको काम भइरहेको छ', सचिव पौडेलले भने, 'यो सभाहलमा रङ लगाउने, फर्निचर व्यवस्थापनसँगै विद्युतीकरणको काम पनि तीव्ररुपमा भइरहेको छ।'

सम्भवत: छिट्टै काम सकिने र त्यसपछि बैठकमा बस्ने तयारी भइरहेको उनको भनाइ छ । हाल यो सभाहलको भौतिक पूर्वाधार मन्त्रालयको सहयोगमा सहरी विकास तथा भवन कार्यालयले सरसफाइ र रङ्गरोगनको काम अघि बढाएको छ । बैठक सञ्चालनका लागि आवश्यक पर्ने फर्निचर र अन्य प्राविधिक सामग्री तत्कालका लागि भाडामा लिएर वा अस्थायीरुपमा व्यवस्थापन गर्ने तयारी गरिएको सचिव पौडेलले बताए । आगजनीबाट जोगिएका केही ल्यापटप, डेक्सटप कम्प्यूटरबाट काम सुरु गरिएको उनले बताए ।

प्रदेशसभामा हाल चार विधेयक छलफलका क्रममा रहेका छन् । चिठ्ठा विधेयक दुई वर्षअघि प्रदेशसभामा दर्ता भएको थियो । यो अन्तिम चरणमा रहेको छ । प्रदेश चलचित्रसम्बन्धी बनेको विधेयक छलफलको चरणमा रहेको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्वसम्बन्धी बनेको विधेयक र प्रदेश खानेपानी तथा सरसफाइ सम्बन्धमा बनेको विधेयक दर्ता भएको प्रदेशसभा सचिव पौडेलले जानकारी दिए ।




# सरुवा मापदण्डअनुसार नभए आमरण अनसन बस्ने शिक्षकको चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ नवप्रवेशी तथा सरुवापीडित शिक्षक केन्द्रीय संघर्ष समितिले शिक्षा मन्त्रालयले जारी गरेको सरुवा कार्यविधि अवैज्ञानिक र अन्यायपूर्ण भएको भन्दै तत्काल संशोधन गर्न माग गरेको छ ।



सरुवा पिडित शिक्षक केन्द्रीय संघर्ष समिति
नेपाल

पत्र संख्या:-
चलानी नम्बर:-

मिति:२०८२/०७/०९

प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा नेपालको सार्वजनिक शिक्षा प्रणालीलाई विगतका वर्षहरुमा अस्तव्यस्त पार्दै बेवारिसे बनाई आमजनमानसमा सामुदायिक शिक्षा प्रति वितृष्णा जगाएको व्यहोरा जगजाहेर नै छ। यसैक्रममा कहिले सामुदायिक विद्यालयको दैलो नदेखेका तत्कालिन शिक्षा मन्त्री सुमना श्रेष्ठ र सिंहदरबारको घेरा बाहिरको अवस्था नबुझेका केहि विद्धान कर्मचारीहरुले स्वइच्छाचारी ढङ्गले जारी गरेको अवैज्ञानिक शिक्षक सरुवा कार्यविधिले झनै नेपालका सामुदायिक विद्यालयहरु र शिक्षण पेशामा नवप्रवेशी शिक्षकहरुलाई प्रताडित पारेको व्यहोरा अवगत गराउन चाहन्छौ । यो अवैज्ञानिक निर्देशिका जारी भए सँगै यसले विद्यालय शिक्षा र शिक्षकहरुमा पारेको असर बारे पटकपटक सरोकारवाला पक्षहरु विधालय व्यवस्थापन समिति महासंघ, सरुवा पिडित शिक्षक संघर्ष समिति लगाएत, शिक्षाप्रेमी, बुद्धिजीवीहरुबाट खारेजीका आवाजहरु उठेका तथा न्यायिक निरुपण समेतका लागी अदालतमा मुद्दा समेत दर्ता भएको र विगतका सरकारहरुले जनताका आवाजहरुमा टेरपुच्छर नलगाउने एव अस्थिर सरकारका कारण यो समष्या समाधान हुन नसकि यसले विकराल समष्या सृजना गरेको देखिन्छ।

समितिले आइतबार विज्ञप्ती जारी गरी सरुवा मापदण्ड शिक्षकको हित र विद्यालयको आवश्यकताअनुरुप नभए आमरण अनसन बस्ने चेतावनी दिएको छ । कार्यविधिले सामुदायिक विद्यालयमा अव्यवस्था बढाएको उनीहरुको ठहर छ । त्यसले नवप्रवेशी शिक्षकलाई अनावश्यकरुपमा पीडा र अन्यायमा पारेको दाबी गरिएको छ । समितिले यसअघि पनि विद्यालय व्यवस्थापन समिति महासंघ, संघर्ष समिति, शिक्षाप्रेमी र बुद्धिजीवीले कार्यविधिको खारेजीका लागि आवाज उठाउँदै आएको भएपनि सरकारको बेवास्ताका कारण समस्या अझ गम्भीर बन्दै गएको दोषारोपण गरिएको छ ।

हाल बनेको नागरिक सरकारले सुझाव माग्दै संशोधन प्रक्रिया अघि बढाएको भएपनि समितिले त्यसलाई अपूरो भन्दै कार्यविधि पूर्णरुपमा खारेज गर्न माग गरेको छ । समितिले शिक्षा नियमावलीमै सरुवासम्बन्धी प्रावधान समेट्नुपर्ने र सरोकारवाला पक्ष विद्यालय व्यवस्थापन समिति महासंघ, स्थानीय तह, शिक्षाशाखा, शिक्षा विकास तथा समन्वय इकाइ तथा पीडित शिक्षकको संयुक्त सुझावका आधारमा वैज्ञानिक प्रक्रिया तयार गर्नुपर्ने माग गरेको छ । 'यदि हाम्रो आवाज बेवास्ता गरियो भने हजारौं नवप्रवेशी शिक्षक शिक्षा मन्त्रालयमै आमरण अनसन बस्न बाध्य हुनेछन्,' विज्ञप्तीमा भनिएको छ, 'त्यसका लागि सबै शिक्षक साथीहरु तयारी अवस्थामा रहनुहोस् ।'

संघर्ष समितिले तत्काल संशोधनका लागि ठोस सुझाव पनि सार्वजनिक गरेको छ । तीमध्ये प्रमुख बुँदामा शिक्षक सरुवाको कारण र विद्यालय विकास प्रस्ताव अनिवार्य गर्नुपर्ने, शैक्षिक उपलब्धि र कार्यसम्पादनका आधारमा मूल्यांकन गर्नुपर्ने, १५ दिने सूचना घटाएर सात दिन कायम गर्नुपर्ने र सरुवा छनोट तथा सिफारिस समितिमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्थानीय तहको शिक्षा शाखाप्रमुख र विद्यालय प्रमुखलाई समावेश गर्नुपर्ने जस्ता माग गरिएको छ ।

समितिले अनलाइन वा प्रत्यक्षरुपमा सरुवा प्रस्ताव दिन पाउने व्यवस्था गर्न, स्थानीय शिक्षकलाई प्राथमिकता दिन, श्रीमान-श्रीमती एउटै स्थानीय तहमा कार्यरत हुन पाउने व्यवस्था गर्न, उच्चशिक्षा अध्ययनरत शिक्षकलाई प्राथमिकता दिन र पारस्परिक सरुवा हुने अधिकार सुनिश्चित गर्न जोड दिएको छ । त्यस्तै समितिले करार नियुक्ति अन्तिम विकल्प मात्र हुनुपर्ने, शिक्षा विभागले रिक्त दरबन्दीको विवरण शिक्षक सेवाको विज्ञापन हुनुभन्दा कम्तिमा एक महिनाअघि माग गर्नुपर्ने, फरक जिल्ला वा प्रदेशमा सेवा दिने शिक्षकलाई बढुवामा विशेष अंक दिनुपर्ने र बढुवा भएपछि अनिवार्य सरुवा प्रणाली लागु गर्नुपर्ने माग पनि गरिएको छ ।

साझाकुरा

## हाम्रो कुरा

# विद्युत बक्यौता भुक्तानी गर

हेटौंडा-१६ हटियामा रहेको शिवम् सिमेन्ट उद्योगको विद्युत लाइन काटिएको छ । विगतमा लोडसेडिङको समयमा विद्युत् प्राधिकरणले डेडिकेटेड तथा ट्रंक लाइनबाट विद्युत् उपभोग गरेर प्रिमियम महसुल नतिरेको कारण सिवम सिमेन्ट उद्योगको लाइन काटेको हो । शिवम् सिमेन्ट उद्योगले ७७ करोड ८८ लाख रुपैयाँ महसुल बुझाउन बाँकी रहेकाले लाइन काटिएको विद्युत प्राधिकरण हेटौंडा वितरण केन्द्रले जनाएको छ । सर्वसाधारण जनताको घर अन्धकारमा राखेर उद्योग संचालन गर्न डेडिकेटेड लाइन दिइएको थियो । राज्यको नीति, बिधि र पद्दती मान्नै पर्छ । जुनसुकै ब्यवसाय गरेपनि नियमकानूनको परिधिभित्र रहनुको बिकल्प छैन । प्राधिकरणले पहिलोचरणमा जगदम्बा स्टील, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अर्घाखाँची सिमेन्ट इन्डष्ट्रिज र त्रिवेणी स्पिनिङ मिल्सको विद्युत् लाइन काटेको हो । जगदम्बाको १ अर्ब ६० करोड, रिलायन्सको ७५ करोड ३७ लाख, घोराहीको ५० करोड ८५ लाख, अर्घाखाँचीको ४४ करोड ८४ लाख र त्रिवेणीको ३२ करोड १० लाख रुपैयाँ रहेको छ । यो बक्यौता २०७२ माघदेखि २०७५ वैशाखसम्ममा डेडिकेटेड तथा ट्रक लाइन प्रयोग बापतको थप महसुल हो ।

प्राधिकरणले शुक्रबार रातिदेखि थप १८ वटा उद्योगको पनि विजुली काटेको छ । पञ्चकन्या स्टिल, श्याम प्लास्टिक, गोयन्का फुड्स, कसमस सिमेन्ट, एसआर स्टिल, पञ्चकन्या प्लास्टिक, भलवारी स्वचालित कारखाना, जगदम्बा सेन्थेटिक, एभरेष्ट रोलिङ इन्डस्ट्रिज, घराना फुड्स, विशाल सिमेन्ट, बुटवल सिमेन्ट, निगाले सिमेन्ट, एसआर फुड्स, सिद्धार्थ पेलेट प्लान्ट, हिमाल आइरन, त्रिवेणी सिन्थेटिक यार्न र सोना मिनरल्स एन्ड आयल्सको विजुली काटिएको हो । डेडिकेटेड तथा ट्रंक लाइन विवाद कायमै रहेका बेला नेपाल विद्युत प्राधिकरणले त्यसबापतको बक्यौता भुक्तानी गर्न अन्तिमपटकका लागि भन्दै २१ दिनको अल्टिमेटम दिएको थियो । अल्टिमेटम सकिएसँगै प्राधिकरणले उद्योगको लाइन काट्न सुरु गरेको हो । यसअघि डेडिकेटेड र ट्रंक लाइन बक्यौता विवादमा लामो समयसम्म सरकारसँग टकराव भएपछि अघिल्लो सरकारले नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारीनिर्देशक कुलमान घिसिङलाई हटाएको थियो । कुलमान ऊर्जा, जलस्रोत तथा सिँचाइसहित शहरी विकास र भौतिक पूर्वाधार तथा यातायात मन्त्री भएपछि डेडिकेटेड तथा ट्रंक लाइन विवादका पछिल्ला निर्णयहरु खारेज गरी आफू कार्यकारी निर्देशक हुँदाकै अवस्थामा फर्काए । २०८१ चैत्र २९ गते प्राधिकरणको सञ्चालक समिति बैठकले बक्यौता विवाद रहेका उद्योगले बक्यौता रकमको ५ प्रतिशत धरौटी बुझाएपछि प्रशासनिक पुनरावलोकनमा जाने निर्णय गरेको थियो । असोज १० गते बसेको प्राधिकरणको सञ्चालक समितिको बैठकले यसअघिका ५ प्रतिशत धरौटी बुझाएर प्रशासनिक पुनरावलोकनमा जान पाउने सञ्चालक समितिको निर्णय खारेज गऱ्यो । उद्योगीले प्रधानमन्त्री सुशीला कार्कीलाई समेत ज्ञापनपत्र बुझाई प्रमाणविना बक्यौता नतिर्ने अडान राखेका थिए ।

डेडिकेटेड तथा ट्रंक लाइन बक्यौता तिर्न नेपाल विद्युत् प्राधिकरणले दिएको 'अल्टिमेटम' सकिनै लाग्दा उद्योगीले प्रमाणविना भुक्तानी नगर्ने भन्दै प्रधानमन्त्री कार्कीलाई पत्र लेखेका हुन् । उनीहरूले रीतपूर्वक दिएको निवेदन कानुनीरुपमा विचाराधीन रहँदाको अवस्थामा प्रक्रिया नै रद्द गरेर पत्राचार गर्ने अधिकार कुनै पनि निकाय वा व्यक्तिलाई नभएको तर्क गरेका छन् । उनीहरूले बक्यौता तिर्नुपर्ने अवस्था प्रमाणित भए रकम तिर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । हामीलाई उद्योग सञ्चालनका लागि विद्युत् प्रदान गरिएको तथ्यको प्रमाण दिएर जेजति रकमको दायित्व कायम हुन आउँछ, सो पूर्ण रकम हामी तिर्न तयार छौं भनेर उद्योगीले प्रधानमन्त्री कार्कीलाई पत्र लेखे । यसरी प्रधानमन्त्रीलाई पत्र लेख्ने उद्योगमा जगदम्बा स्टिल, जगदम्बा सेन्थेटिक, निगाले सिमेन्ट, सोनापुर मिनरल्स एन्ड आयल्स, त्रिवेणी स्पिनिङ मिल्स, घोराही सिमेन्ट, अशोक स्टिल, मारुती सिमेन्ट, अर्घाखाँची सिमेन्ट, हुलास स्टिल, शिवम् सिमेन्ट, हामा आइरन, कसमस सिमेन्ट, घराना फुड्स, गोयन्का फुड्स, एभरेस्ट रोलिङ, एसआर फुड्स, एसआर स्टिल, सिद्धार्थ पेलेट, श्याम प्लास्टिक, पञ्चकन्या स्टिल, पञ्चकन्या प्लास्टिक र भलबारी चामल उद्योग छन् । यीमध्ये अधिकांश उद्योगले प्राधिकरणको वितरण केन्द्रमा पत्र दर्ता गर्दै बक्यौता नतिर्ने अडान दोहोऱ्याएका हुन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कार्तिक ११ गते मंगलबार २८ अक्टोम्बर २०२५ । सप्तमी, कार्तिक शुक्लपक्ष । कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१२ सूर्यास्त ५:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन खिन्न हुनेछ | तुला | : मनमा उमङ्ग बढ्नेछ |
| वृष | : शरीरमा स्फुर्ती बढ्नेछ | वृश्चिक | : रमाइलो छोटो यात्रा हुनेछ |
| मिथुन | : घरायसी मेलमिलाप हुनेछ | धनु | : काम गर्ने आत्मबल बढ्नेछ |
| कर्कट | : पढाइलेखाइमा सफलता मिल्नेछ | मकर | : अरुको विश्वास जित्न सकिनेछ |
| सिंह | : घरेलु समस्याले सताउनेछ | कुम्भ | : विवाद बढ्न सक्नेछ |
| कन्या | : आफन्तले धोका दिन सक्नेछन् | मीन | : उत्साह कम हुनेछ |

# अनलाइन बाल सुरक्षाः नेपाल र विश्वका लागि चुनौती



भोजराज संजेल
बकैया, मकवानपुर
bhojrajsanjel69@gmail.com

विश्व अहिले डिजिटल युगमा तीव्र गतिमा अघि बढिरहेको छ । इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल एप र अनलाइन गेमले जीवनका हरेक क्षेत्रलाई सरल र सहज बनाएको छ । तर यससँगै बालबालिकालाई अनलाइन माध्यमबाट हुने शोषण, दुर्व्यवहार, ठगी, मानसिक दबाब र अन्य खतराबाट जोगाउने चुनौती विश्वव्यापी रूपमा देखा परेको छ । अनलाइन बाल सुरक्षा अब केवल नेपालको मात्र समस्या होइन, यो सबै देशमा देखिने साझा चुनौती बनिसकेको छ ।

सन् २०२० पछि विश्वव्यापी रूपमा इन्टरनेट प्रयोगकर्ताको संख्या तीव्र रूपमा बढेको छ । यूनिसेफ र इन्टरपोलका रिपोर्ट अनुसार, विश्वका करिब एक तिहाई इन्टरनेट प्रयोगकर्ता बालबालिका हुन् । तर यिनै बालबालिका विभिन्न अनलाइन जोखिममा परिरहेका छन्, जसमा मुख्य छन्: online sexual exploitation and abuse, cyberbullying/harassment, child trafficking through digital platforms, exposure to harmful content जस्तै pornography, violence, hate speech, र privacy violation तथा personal data misuse ।

अनलाइन बाल सुरक्षा समस्या बढ्दै गएको मुख्य कारणहरूमा प्रविधिको तीव्र विकास, स्मार्टफोन र इन्टरनेट पहुँचको सहजता, सामाजिक सञ्जाल र अनलाइन गेमको अत्यधिक प्रयोग, अभिभावकको सीमित निगरानी, डिजिटल साक्षरताको कमी, र बालबालिकाको अनलाइन जानकारीको असावधानी प्रमुख छन् । प्रविधि सहज भए पनि अभिभावक र शिक्षकहरूले यसका जोखिमबारे पर्याप्त जानकारी नपाउँदा बालबालिकाले सजिलै जोखिममा पर्छन् । अपराधीहरूले पनि प्रविधिको प्रयोग गरेर बालबालिकासँग सम्पर्क गर्न, विश्वास जित्न, र शोषण गर्न नयाँ तरिका अपनाएका छन् ।

नेपालमा इन्टरनेट पहुँच तीव्र गतिमा बढ्दै गएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार, अहिले देशको झण्डै ९५% जनसंख्या कुनै न कुनै रूपमा इन्टरनेट प्रयोग गर्छ । बालबालिकाहरू स्मार्टफोन, ट्याबलेट, कम्प्युटर मार्फत सामाजिक सञ्जाल, गेम र भिडियो प्लेटफर्महरूमा सक्रिय छन् । तर अभिभावकको निगरानी र डिजिटल साक्षरता नहुँदा उनीहरू अनलाइन शोषण, ठगी, र दुरुपयोगको शिकार भइरहेका छन् । नेपालमा देखिएका प्रमुख समस्या यस प्रकार छन्: अपराधीहरूले नक्कली प्रोफाइल बनाएर बालबालिकासँग सम्पर्क गर्छन् र उनीहरूको विश्वास जितेर शोषण गर्छन् । केही वर्षयता बालबालिकाको अश्लील तस्बिर वा भिडियो सिर्जना र सेयर हुने घटना बढेका छन् । सामाजिक सञ्जालमा साथीहरूले वा अपरिचितहरूले गरेको धम्की, अपमान वा अफवाहले बालबालिकाको मानसिक स्वास्थ्यमा गम्भीर असर पार्छ । बालबालिकाले बुझ्न नसकी व्यक्तिगत विवरण जस्तै फोटो, ठेगाना, विद्यालय आदि सेयर गर्छन्, जसको दुरुपयोग सजिलै हुन सक्छ । अत्यधिक अनलाइन खेलले पढाइ, व्यवहार र मानसिक सन्तुलनमा असर पार्ने प्रवृत्ति देखिएको छ ।

केही समयअघि मैले India, Agra मा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिँदा त्यहाँ पनि बालबालिकाको अनलाइन शोषण, दुर्व्यवहार, र व्यक्तिगत डाटा दुरुपयोगका घटनाहरू देखेँ । विभिन्न उमेर समूहका बालबालिकासँग प्रत्यक्ष काम गर्दा, उनीहरूले अनलाइन माध्यमबाट भोगेका दुर्व्यवहार, मानसिक दबाब र व्यक्तिगत जानकारीको दुरुपयोग साझा गरे । त्यस अनुभवले देखायो कि यो समस्या केवल नेपाल वा भारतमा सीमित छैन, अमेरिका, युरोप, एसिया-प्यासिफिक र अन्य क्षेत्रका देशहरूमा पनि अनलाइन बाल शोषणका घटनाहरू अत्यन्तै समान छन् । प्रविधि, इन्टरनेट पहुँच, र सामाजिक सञ्जालको व्यापक प्रयोगले गर्दा बालबालिकाको जोखिम लगभग सबै देशमा समान प्रकारले देखा परेको छ । फरक केवल कानुनी व्यवस्था, प्रहरी तयारी र जागरुकता स्तरमा मात्र देखिन्छ ।

अनलाइन बाल शोषणका खतरा विभिन्न प्रकारका छन् । बालबालिकाहरूले सामना गर्ने प्रमुख खतरा मध्ये sexual exploitation, grooming, cyberbullying, identity theft, online scams, exposure to pornography र हिंसात्मक सामग्री, personal data misuse, online radicalization र trafficking छन् । यसका कारण बालबालिकाको मानसिक स्वास्थ्यमा असर पर्छ, उनीहरूमा डर, अनावश्यक तनाव, आत्मविश्वास कमी, आक्रोश, र सामाजिक अलगाव जस्ता समस्याहरू उत्पन्न हुन्छन् । लामो समयसम्म यस्तो परिस्थितिमा बालबालिकाले शिक्षा र सामाजिक विकासमा पनि नकारात्मक प्रभाव अनुभव गर्न सक्छन् ।

नेपालमा यस विषयमा कानूनी संरचना पनि छ । विद्युतीय कारोबार ऐन, २०६३, बालबालिका ऐन, २०७५, र साइबर अपराध अनुसन्धान विभाग (Cyber Bureau, Nepal Police) जस्ता कानुन र निकायहरूले अनलाइन अपराध नियन्त्रण गर्ने प्रयास गरेका छन् । तर प्रविधिको तीव्र गतिसँगै कानूनी सुधार र व्यवहारिक कार्यान्वयन अझै चुनौतीपूर्ण छ । बार्षिक रूपमा लाखौं केस दर्ता हुन्छन्, तर न्याय प्रक्रिया प्राय: ढिला र अपूर्ण रहन्छ । यो समस्या केवल साइबर ब्युरो वा प्रहरीको कमजोरी मात्र होइन । यो हामी सबैको जिम्मेवारी हो । जब हामी फुर्सदको समयमा अनधिकृत वा टाइमपास कार्यमा संलग्न हुन्छौं, बालबालिकाको सुरक्षा प्रणाली कमजोर हुन्छ । कानुनी संरचना पर्याप्त बलियो नभएकाले, अनलाइन अपराध अनुसन्धान र कार्यान्वयनमा कठिनाइ आउँछ ।

मेरो दुई वर्षको अनुभवले देखाएको छ कि बालबालिकालाई अनलाइन माध्यमबाट हुने शोषण र दुर्व्यवहारबाट जोगाउन केवल कानुन वा प्रहरी प्रयास पर्याप्त छैन । सिभिल समाज, एनजीओ, स्कुल, कलेज, स्थानीय तह, अभिभावक, शिक्षक, र नागरिक सबैको साझा प्रयास आवश्यक छ । अभिभावकहरूले बालबालिकाको अनलाइन गतिविधि बुझ्ने, parental control/ privacy setting प्रयोग गर्न सिकाउने, र उनीहरूसँग खुला संवाद कायम गर्ने जिम्मेवारी लिनुपर्छ । विद्यालयहरूले डिजिटल साक्षरता र साइबर सुरक्षा पाठ्यक्रममा समावेश गरेर विद्यार्थीहरूलाई जिम्मेवार डिजिटल नागरिक बन्न सिकाउनुपर्छ । समुदाय र मिडियाले अनलाइन शोषणका घटनाहरू बारे जनचेतना फैलाउनु, पीडित बालबालिकालाई सहयोग र मनोसामाजिक समर्थन उपलब्ध गराउनु आवश्यक छ ।

बालबालिकालाई सुरक्षित राख्न कानूनी कडाइ र डिजिटल निगरानी प्रणाली सुदृढ बनाउने, अन्तर्राष्ट्रिय सहकार्य गर्दै cross-border cybercrime विरुद्ध एकीकृत प्रणाली विकास गर्ने, डिजिटल साक्षरता अभियान विद्यालयदेखि गाउँसम्म सञ्चालन गर्ने, अनलाइन शोषणको सहज उजुरी प्रणाली (toll-free number, cyber helpline) बनाउने, र अभिभावक प्रशिक्षण एवं सचेतना दिने कार्यहरू आवश्यक छन् । यसका लागि केवल सरकारी पहल पर्याप्त छैन । सबैको साझा प्रयास र जागरुकताले मात्र बालबालिकाको सुरक्षा सुनिश्चित गर्न सकिन्छ ।

विश्वव्यापी रूपमा बालबालिकाको सुरक्षा सुनिश्चित गर्ने चुनौती गम्भीर छ । नेपालमा पनि यसले बालबालिकाको मानसिक स्वास्थ्य, भविष्य, र सामाजिक संरचनामा प्रतिकूल प्रभाव पारिरहेको छ । तर सही कदम, शिक्षा, जागरुकता, साझा प्रयास र अन्तर्राष्ट्रिय अनुभवको उपयोगले यो चुनौतीलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ । बालबालिका हाम्रो भविष्य हुन् उनको सुरक्षा सुनिश्चित गर्नु हाम्रो साझा जिम्मेवारी हो ।

# जेनजी आन्दोलन, संवैधानिक रिक्तता र सरकारको दायित्व

देवराज शर्मा

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की पूर्वजिम्मेवारीको हिसाबले सरकारको नेतृत्व गर्न योग्य र सक्षम पात्र हुन् । तर, कानुनी र संवैधानिक व्यवस्थाले उनी यो संविधान रहेसम्म प्रधानमन्त्री बन्नका लागि अवरोध देखिन्छ ।

आन्दोलनले सडकबाटै घोषणा गरेर पदासीन गराएको भए वर्तमान संविधान बाहिर बाट पुन: अर्को संविधान पुनर्लेखन गर्ने हदसम्म जनभावनाको उपलब्धिमा नेतृत्वका लागि अनुकुल हुन सक्ने थियो । तर, वर्तमान संविधानबमोजिम राष्ट्रपतिबाट नियुक्ति लिई सपथ ग्रहण गरी प्रधानमन्त्रीको जिम्मेवारी लिएर कानुनी क्षेत्रकै नेतृत्वकर्ताले संवैधानिक बन्देजलाई नजरअन्दाज गर्दा के कस्तो नजीर बस्ने हो ? भविष्यमा अदालतले कस्तो आदेश र फैसला गर्ला भन्ने जिज्ञासा गर्भमै रहिरहेको छ ।

नेपालको संविधानको धारा १३२ (१) मा प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीशलाई संविधानले तोकेको (राष्ट्रिय मानवअधिकार आयोगमा) बाहेक अन्य कुनै पदमा काममा लगाइने वा काजमा खटाइने छैन भन्ने उल्लेख छ ।

उक्त धारामा भनिएको छ, 'प्रधानन्यायाधीश वा सर्वोच्च अदालतको न्यायाधीश भइसकेको व्यक्ति यस संविधानमा अन्यत्र उल्लेख भएकोमा बाहेक कुनै पनि सरकारी पदमा नियुक्तिका लागि ग्राह्य छैन ।'

तर, नेपाल सरकारले न्याय परिषदसँग परामर्श गरी सर्वोच्च अदालतको न्यायाधीशलाई न्यायिक जाँचबुझको काममा वा केही खास अवधिका लागि कानून वा न्यायसम्बन्धी अनुसन्धान वा अन्वेषणको कुनै काममा खटाउन सक्ने संविधानमा व्यवस्था छ । (जस्तै-अहिले न्यायाधीश गौरीबहादुर कार्की जाँचबुझ आयोगको अध्यक्ष बनाइएको छ ।)

संविधानको धारा ७६ मा प्रतिनिधि सभाको सदस्य मात्र देशको प्रधानमन्त्री बन्न सक्ने व्यवस्था रहेका कारण प्रतिनिधि सभा बाहिरको व्यक्ति प्रधानमन्त्री बन्न सक्ने कल्पना वर्तमान संविधानले गरेको देखिँदैन । यस कारण पनि सुशीला कार्कीको नियुक्तिले संवैधानिक रिक्तता देखिएको छ ।

आन्दोलनकारीको पछिल्लो आवाज कार्यकारी प्रधानमन्त्रीको निर्वाचन भनिएको थियो । तर, यो विषय संविधान संशोधनविना सम्भव छैन । यो आवाजलाई प्रतिनिधिसभा विघटन गर्नुपूर्व आन्दोलनकारीको दबाबमा संविधान संशोधन गर्न लगाएर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको व्यवस्था कायम गर्न र प्रतिनिधिसभा भन्दा बाहिरको व्यक्ति पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था गरी संबैधानिक प्रधानमन्त्रीको जिम्मेवारी ग्रहण गरी प्रतिनिधिसभा विघटन गरेर निर्वाचनमा जान सकेको भए अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको कानुनी वैधता, चतुऱ्याइँ र आन्दोलनको आवाज सम्वोधन हुन्थ्यो कि ?

प्रधानमन्त्रीको प्रस्तावको हल्ला सुरु नहुँदै भारतीय राजदुतावास प्रवेशका समाचार, भारतीय मिडियामा प्रचार-प्रसार र हामी नेपाल एनजीओकर्मीको अस्वभाविक सक्रियता देखियो । मन्त्रिपरिषदमा आन्दोलनकर्ता जेनजी समूहको प्रतिनिधित्व हुन नसक्नुले अर्को रहस्योद्धाटन गरि रहेको छ ।

**जेनजी आन्दोलनको पृष्ठभूमि**

सन् २०२२ मा श्रीलंकामा भएको विश्व नै तरङ्गित हुने आन्दोलनबाट नयाँ पुस्ताको आन्दोलनले गति लियो । हरेक देशमा त्यहाँको परिस्थिति अनुरुपको उद्देश्य बोकेर आन्दोलन भएता पनि समग्रमा सुशासन, भ्रष्टाचार र अधिनायकवादको अन्त्य एवं समानता र सामाजिक न्यायको आवाज मुखरित भयो ।

सन् २०२४ मा बंगलादेश, केन्या र सर्वियामा भएको आन्दोलनपश्चात सन् २०२५ मा अन्य धेरै देशमा यस प्रकारको आन्दोलनले व्यापकता पायो । फिलिपिन्स, पेरु, पाराग्वे, मोरक्को, मडागास्कर इटाली, इन्डोनेसिया, मंगोलिया, टिमोर, टर्की र फ्रान्स यसका उदाहरण हुन् । यी अधिकांश देशमा भ्रष्टाचार विरुद्ध नारा लगाइएको देखिन्छ ।

विश्वव्यापीरुपमा फैलिएको चरम भ्रष्टाचार, कोभिड-१९ पछिको निराशा, कुण्ठा, गरीबी, बेरोजगारी, परिवारवाद एवं शासन सत्ताबाट भएको दमनका घटनाले आम युवा वर्गमा आक्रोशको बीजारोपण भएको हो । यससँगै स्वतन्त्रता र शीघ्र आर्थिक विकासको चाहना हुर्किरहेको अवस्थामा नेपालमा पनि देशभित्र सिर्जित राजनीतिक दलका अलोकतान्त्रिक गतिविधिले आन्दोलनको वातावरण बनायो । कमजोर सुशासन, मौलाउँदो भ्रष्टाचार, पुराना नेता र नेतृत्वप्रतिको असन्तुष्टि र विश्वव्यापी जेनजी आन्दोलनको प्रेरणा जस्ता विविध कारणले आम प्रविधिमा खेल्दै हुर्किएको पुस्ता सामाजिक सञ्जालको व्यापक प्रयोगबाट भाद्र २३ को आन्दोलनमा होमिन पुग्यो ।

सामुहिक अनलाइन गेम र अल्पकालीन योजनाबाट सुरुवात गरिएको घोषित आन्दोलनमा विभिन्न देशी विदेशी शक्ति र स्वार्थ समुहहरु मौकाको फाइदा उठाउन तल्लीन थिए । तर, कलिलो उमेर समुहको मानस्पटलमा यी कुराहरुले भेउ पाउन सकेन, जसको दुष्परिणाम नरसंहारकारी विध्वंशको अकल्पनीय दुर्दशा नेपालमा हुन पुग्यो । धमिलो पारी माछा मार्ने संगठित समुहले आन्दोलनमा अनपेक्षित लाभ उठाउने मौका पायो ।

विविध निराशाका बीच सामाजिक सञ्जाल राज्यको कानुनी नियन्त्रणमा ल्याउने सरकारको योजना थियो । आम जनमानसमा राज्यको आत्मसम्मानमा ठेस पुऱ्याउने गरी नेपाललाई गरेको अपमानबारेको पत्र सार्वजनिक गरी जनतामा सम्प्रेषण नभई गैह्रकानुनी रुपमा चलेका सामाजिक सञ्जाल बन्द गर्दा नैराश्यताको वातावरणमा आगोमा ध्यु थप्ने काम भयो, जसले रिसमा अर्ति प्रत्युत्पादक बन्न गयो ।

भ्रष्टाचार नियन्त्रण र सुशासनको आवाज बोकेर आन्दोलनमा होमिएका युवामाथि गोली प्रहार प्रहरीबाट मात्रै भयो या घुसपैठ हो, त्यो पछि छानबिनबाट पहिचान हुने नै छ । तर, गोली हान्ने र हान्न लगाउने वास्तविक दोषीमाथि कारबाही हुनै पर्छ ।

**जिम्मेवारी र जवाफदेहिता कसले लिने ?**

राज्यको काम गराइबाट आजित नयाँ पुस्ता सामाजिक सञ्जालमार्फत स्वतस्फूर्त एकीकृत भए र सरकारलाई दबाव सिर्जना गर्ने अभियानमा आ-आफ्नै समुह बनाएर जुटे । तर, बच्चाबच्ची खेल्दा खेल्दै घरमा आगो झोसेर घर जलेझैँ देश आगोमय भयो । संरचनाहरु खरानीमा परिणत भए । आन्दोलनमा जिम्मेवारी र जवाफदेहिताको कर्तव्यबोधको रिक्तता उत्पन्न हुन पुग्यो ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादीजस्ता प्राना दल र रास्वपा लगायतका नयाँ दलसमेत पटक-पटक राज्यको नेतृत्वमा रहे । जसरी पनि सरकारमा जाने मनोवृत्तिका बीच सरकारी संयन्त्रबाट हुने चरम भ्रष्टाचार, ढिलासुस्ती, अपारदर्शिता बढ्दै गयो । जनतामा राजनीतिक परिवर्तनको अनुभूति भएन । जसका कारण आफ्नै ज्यान जोगाउन सेनाको सुरक्षा लिएर गुप्तबासमा रहन राजनीतिक दलको नेतृत्व विवश बन्यो । यस्तो परिस्थिति सिर्जना हुनुमा वर्तमान राजनीतिक दलहरु नै जिम्मेवार छन् ।

जनतामा सुरक्षाको प्रत्याभुति दिलाउने, सार्वजनिक र निजी सम्पत्तिको सुरक्षा गर्ने, नागरिकलाई राज्यमा स्वतन्त्रतापूर्वक बाँच्न र गरिखान पाउने अनुकुल वातावरण बनाउने दायित्व राज्य संयन्त्रको हो । तर, पहिलो दिनको घटनामा प्रहरी प्रशासन र राज्य संयन्त्र संयमित र जिम्मेवार बन्न सकेको देखिएन ।

विगतमा भएका आन्दोलनको अनुभवले पूर्वतयारी र योजनामा नरहनु, देशभरि आन्दोलन चर्किरहँदा गृहमन्त्री पार्टीको काममा व्यस्त रहनु अनि प्रधानमन्त्रीलाई पूर्णसूचना नहुनुले सुरक्षा संयन्त्र जिम्मेवार हुन नसकेको आकलन गर्न सकिन्छ । धरपकड गर्ने, पानीका फोहोरा प्रयोग गर्ने जस्ता रणनीति नै नअपनाई गोली चलाउने कार्य गरिनुले राज्य संरचना र प्रहरी प्रशासन फितलो रहेको प्रष्ट देखिन्छ । साथै, दोस्रो दिन सुरक्षा प्रशासनमाथिको आक्रमणपश्चात आत्मबल कमजोर बनाई सुरक्षा संयन्त्रले पुरै हात उठाएर बस्नु, सिंहदरबार जलिरहँदा दमकल ननिकाल्नु जस्ता घटना पनि रहस्यमय देखिन्छन् ।

गृहमन्त्री र प्रधानमन्त्रीले राजीनामा दिइसकेपछि राति १० बजे निस्किने सेना दिउँसै निस्केको भए पनि यति विघ्न क्षति हुनबाट जोगिन्थ्यो कि ? २४ गते रातिदेखि नेपाली सेनाको सन्तुलित संयोजन प्रभावकारी रहेता पनि आगजनीअघि प्रशासन, सुरक्षा संयन्त्र र राज्य पक्ष चुकेकै हो ।

त्यसैगरी यो परिस्थिति सिर्जना हुनुमा विपक्षी दलको पनि जिम्मेवारी देखिन्छ । आन्दोलनबाट सबैभन्दा धेरै लाभ उठाउने दाउ कुरेर कार्यकर्ता र युवालाई सरकारको विपक्षमा उकासिरहेका माओवादी, रास्वपा, राप्रपा, दुर्गा प्रसाई, बालेन्द्र शाहलगायत अग्रपंक्तिमा देखिए ।

देशकै मुख्य राजधानी काठमाडौंका मेयर बालेन शाहमा पनि नैतिक जिम्मेवारीको बोध हुनु पर्ने देखिन्छ । युवालाई आन्दोलनका लागि उक्साउने, आन्दोलनमा महानगरको गाडीबाट पानी बाँड्ने, गुप्तवासमा बसेर स्टाटस लेख्ने, केही महिनाअघि श्रीमती चढेको गाडी ट्राफिकले रोक्दा सिंहदरबार जलाइदिन्छु भन्ने जस्ता अभिव्यक्ति र गतिविधिले थप रहस्य र आशंका जन्माएको छ । साथै, दुर्गा प्रसाईंले जेनजी आन्दोलनपूर्व जेनजीका प्रतिनिधिसँग भेट गर्नु पनि अर्को रहस्यको विषय हो ।

अन्त्यमा, सुशासनको आवाज गुञ्जाउने जेनजी समुहको प्रतिनिधित्वसहित राज्यमा सुशासनको संकेत देखिने गरी सरकारले काम गरोस् । विवादित बारबरा फाउन्डेसनका सदस्य मात्रै सरकारको मन्त्रिमण्डलमा नभई आम नागरिकको प्रतिनिधित्व सुनिश्चित होस् । सम्पूर्ण राज्य पुननिर्माणमा एकजुट हुने वातावरण बनोस् ।

अख्तियार जले पनि भ्रष्टाचारको लतमा फसेकालाई कानुनी दायरामा ल्याई छानबिन र कारबाहीले निरन्तरता पाओस् । आन्दोलनको बहानामा भाग्ने र भगाउनेलाई थप कारबाही होस् । आन्दोलन भड्काउने र उक्साउने अनि युवालाई गोली ठोक्ने र आदेश दिनेहरु माथि कारबाही होस् ।

सार्वजनिक र निजी सम्पत्ति तोडफोड र आगजनी गर्नेमाथि, प्रहरी र आम सर्वसाधारणलाई जिउँदै जलाउनेहरुलाई कानुनी दायरामा ल्याइयोस् । मृतकका परिवारलाई उचित क्षतिपूर्ति एवं घाइतेले उपचार र रोजगारीको अवसर पाउन् ।

देश वाह्य चलखेल र हस्तक्षेपबाट मुक्त हुनैपर्छ । अदालत जले पनि आम नागरिकले न्यायको अनुभुति गर्न पाउनुपर्छ । निर्धारित समयमा प्रतिनिधि सभा निर्वाचन सम्पन्न भई ०४७ सालदेखिका भ्रष्टाचारको छानबिन होस् । संविधान संशोधन गरी जवाफदेही सरकार बनोस् ।

जेनजी आन्दोलनबाट सुशासन र सामाजिक न्यायसहितको समृद्ध मुलुक निर्माणको ढोका खुलोस्, पुन अर्को दशक नयाँ आन्दोलनको सिर्जना नहोस् । अन्तरिम सरकारलाई कार्यकाल पूर्ण सफलताको शुभकामना ।

*(साभार: अनलाइन्खबर)*

# शे-फोक्सुण्डो ताल यात्रा संस्मरण

यात्री

राजेन्द्र घिसिङ
कैलाश-२, मकवानपुर




यात्रा केवल घुम्न र दृश्यावलोकनका लागि मात्रै होइन, प्रकृतिको शाश्वत स्वरूपलाई नजिकबाट आलिङ्गन गर्न र त्यसको अन्तरभावलाई नियाल्न, श्रवण गर्न र बुझ्न पनि हो । जुन हावा, छहरा, चराहरूको चिरबिर र नजिकैबाट बगिरहेका स्वच्छ खोलानालाका सुस्केराबाट थाहा पाउन सकिन्छ । प्रकृतिको भाव बुझ्न कठिन छ, तर जो प्रकृतिमा पागल बन्छ, उसैले बुझ्दछ प्रकृतिलाई र उसैले भोग्दछ स्वर्गीय आनन्दलाई ।

प्रकृतिको रसास्वादनमा पल्केपछि संसारका सबै चीज फिका लाग्न थाल्दो रहेछ । त्यसैले म आफैंलाई सधैं प्रकृतिमा समर्पित राख्ने प्रयास गरिरहेको हुन्छु । नेपाल घुम्ने उत्कट चाहना र नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्नुपर्छ भन्ने सानैदेखिको रहर पूरा गर्ने क्रममा यसपटक डोल्पा जिल्लाको सुन्दर शे-फोक्सुण्डोताललाई गन्तव्यका रूपमा चयन गर्यौं । कर्णालीलाई अझ नजिकबाट नियाल्न, त्यहाँको भौगोलिक अवस्थिति र कष्टप्रद जीवनयापनसँग साक्षात्कार गर्न यो गन्तव्य रोज्यौं ।

मिति २०८२ असोज १८ गते यात्रा सुरु गर्ने योजना रहे पनि अविरल वर्षाका कारण यात्रा प्रारम्भ असोज २० गते सर्‍यो । असोज १९ को रात असाध्यै लामो लाग्यो । बल्लबल्ल पूर्व फाटेर उषामय बिहानीले लामपुछ्रे ताराहरू बिलिन हुँदा घडीले बिहान ४:३० बजेको संकेत दियो । ५ बजे सबै जना जम्मा भएर निस्किने योजना थियो –रामलाल स्याङतानजी, राजकुमार मोक्तानजी, घनश्याम घिसिङ र म, हामी चार जना कर्णालीको सुन्दर शे-फोक्सुण्डो तालको यात्रामा निस्क्यौं ।

पुरै उज्यालो नभएकाले टर्चको सहायताले धादिङको वालसिङ पुग्यौं । चालिसे हुँदै मलेखुमा पुगेर पेट्रोल भर्यौं । यात्रा लामो भएकाले धेरै नअल्मलिई मलेखुबाट बिहान ७ बजे हिँड्यौं । हाल मुग्लिन-पोखरा सडक अत्यन्त राम्रो भएकाले आँबुखैरेनी, डुम्रे, दमौली हुँदै निर्धारित समयभन्दा करीब ४५ मिनेटअघि पोखरा पुग्यौं । पोखरामा खाना खाएर केही आवश्यक सामान किन्यौं र ११:३० बजे बाग्लुङतर्फ लाग्यौं ।

कास्कीको सुन्दर गाउँ लुम्ले, ढिकुरपोखरी, नयाँपुल र पर्वतको कुस्मा हुँदै बाग्लुङ, म्याग्दी र पर्वतको संगम स्थल मालढुङ्गा पुग्यौं । बाग्लुङ कालिकाको बाटैबाट दर्शन गर्दै सुन्दर बाग्लुङ बजार आइपुग्यौं । यो क्षेत्र पहिल्यै घुमिसकेकाले हामी सीधै बुर्तिबाङ तर्फ लाग्यौं ।

मध्यपहाडी लोकमार्गको प्रारम्भसँगै त्यस बिन्दुदेखिको यात्रा बिल्कुल नयाँ थियो । सयपत्री र मखमली फुल्न ठिक्क परेको थियो । सडकका दायाँबायाँ सुनौला धानका बाला लहराइरहेका थिए । त्यो दृश्यले मन मोहित बनायो । कतै पिच सडक, कतै निर्माणाधीन खाल्डा-खुल्टी बाटो । शरीर थाक्दै र गल्दै थियो, तर मन भने सुन्दर गन्तव्यको झल्कोमा रमाइरहेको थियो । दिउँसो ३ बजे बुर्तिबाङ पुग्यौं । खाजा खाएर यात्रा अगाडि बढायौं । केही समय उकालो यात्रापछि बाग्लुङ जिल्ला छोड्दै पूर्वी रुकुम प्रवेश गर्यौं । सामाजिक सञ्जालमा भाइरल "चौरीबुकि डाँडा" छुट्टिने पाती हाल्ने डाँडा पुग्यौं । त्यहाँ पुग्दा पानी पर्न थाल्यो । करीब ३५०० मिटर उचाइमा रहेको डाँडामा पानीसँगैको चिसोले निकै सतायो ।

त्यहाँबाट तल झर्नुपर्ने रहेछ । बाटो वरिपरि भेडीगोठहरू, साँझको धुन्धले पाखा सेताम्मे देखिने, गोठ फर्किंदै गरेका भेडाको बथान-त्यो दृश्य हेरिरहँदा आँखा सडकभन्दा गोठतर्फै तानिन्थ्यो । साँझ परि सक्यो, नयाँ बाटो र कठिन यात्रा । त्यो दिनको बास तकसेरा गाउँमा भयो ।

६:३० मा लुगुम गाउँ पुग्यौं । त्यहाँ तकसेरा जाने बाटो सोधेर तल कात्री बजार हुँदै तकसेरा तर्फ लाग्यौं । मध्यपहाडी लोकमार्ग छोडी कच्ची सडक हुँदै करिब ४० किमीको यात्रा पछि राति ८ बजे ऐतिहासिक गाउँ तकसेरा आइपुग्यौं । हामीले अघि नै होमस्टेमा सम्पर्क गरेको भएकाले हामी पुग्नेबित्तिकै लिन आउनुभयो । अर्गानिक खाना र पारिवारिक वातावरण सहितको बास सहज र सुखद रह्यो ।

**दोस्रो दिन**

बिहानै उठेर तकसेरा गाउँ घुम्न निस्क्यौं । ठूला-ठूला भिरालो पाखामा झुरुप्प एउटै आँगन भएका करिब ५०० घरहरूको सुन्दर गाउँ धेरै बेर हेर्यौं । ९५% मगर जातिको बसोबास रहेको यो गाउँ "तक" र "शेरा" नामका दुई गाउँ मिलाएर "तकशेरा" नाम राखिएको रहेछ । खाम मगर भाषा, मौलिक भेषभूषा र इमानदार मानिसहरूको सहअस्तित्वले प्रभावित पार्‍यो ।

तल उत्तरतर्फ गंगा नदी बगिरहेको थियो । पारीबाट हेर्दा सबै घरका धुरीबाट उठेको धुवाँले दृश्य झनै मनमोहक बनाएको थियो । केही समय त्यहाँको रहनसहन, जीवनशैली र मूल्य-मान्यताबारे जानकारी लिएपछि अर्गानिक खाजा खायौं र तकशेरा छोड्यौं ।

कात्री बजार झरेर पुन: मध्यपहाडी लोकमार्गमा फर्कियौं । केही बेरमा रुकुमकोट पुग्यौं, त्यहाँको सुन्दर कमलदह अवलोकनपछि खाना खाएर यात्रा अघि बढायौं । छोटो बाटो रोज्यौं, तर सडक हिलाम्मे र कठिन थियो । रुकुमकोटबाट तल झरेर सानो भेरी नदी पुल तरेर पश्चिम रुकुम प्रवेश गर्यौं । बाटैमा मौलिक मयूर नाच हेर्ने अवसर पायौं ।

छिनखेत हुँदै पुन: मध्यपहाडी लोकमार्गमा जोडियौं । झोलुङ्गे पुल पार गर्दै अपराह्न ४ बजे सानो भेरी र ठूला भेरी नदीको संगम स्थल जाजरकोटको रिम्ना बजार पुग्यौं । पेट्रोल हालेर अघि बढ्यौं । जाजरकोटको नालगाड र पश्चिम रुकुमको आठबिसकोट हुँदै तल्लुबगर पुग्दा साँझ परिसकेको थियो । थकान बढ्दै गइरहेको थियो, तर यात्रा छोट्याउन अघि बढ्यौं । राति ८:१५ मा त्रिवेणी बजार पुग्यौं र त्यहीं बास बस्यौं । त्यहाँका मानिसहरूको भाषागत फरकले संवादमा केही कठिनाइ भयो ।

**तेस्रो दिन**

त्रिवेणीबाट बिहान ५ बजे निस्क्यौं । थुप्रै झोलुङ्गे पुल र अफ्ठेरा बाटा पार गर्दै डोल्पाको सुलिगढ पोस्ट पुग्यौं । प्राय: मानिस त्यहीं बाइक छोडेर पैदल यात्रा थाल्दारहेछन्, तर हामीले राष्ट्रिय निकुञ्ज भित्रसम्म जाने निधो गर्यौं । त्यसका लागि सदरमुकाम दुनै पुग्नु पर्‍यो । दुनैमा खाजा खाएर राष्ट्रिय निकुञ्जमा बाइक राख्यौं, टिकट काट्यौं र पैदल यात्रा सुरु गर्यौं ।

भेरी नदीको किनार हुँदै यात्रा अघि बढायौं । माथि टल्किंदै हिमालका चुचुराहरू, छेउमै सुसाउँदै भेरी नदी-अद्भुत वातावरण । करिब ३ घण्टाको हिँडाइपछि कागेनी पुग्यौं र त्यहीँ खाना खायौं । त्यहाँबाट मोबाइल नेटवर्क नदिने रहेछ । ठाउँ-ठाउँमा झोलुङ्गे पुल र काठे साँघु पार गर्दै यात्रा अघि बढायौं । अपराह्नतिर पानी पर्‍यो । केही समय ओत लाग्यौं, तर पानी नरोकिने देखेपछि रेनकोट ओढेर अघि बढ्यौं । साँझ ५:३० मा छेप्का पुग्यौं र त्यहाँ बास बस्यौं । न्यानो आतिथ्य र स्वादिलो खानासँग तेस्रो दिनको यात्रा समाप्त भयो ।

**चौथो दिन**

बिहान ५ बजे उठेर खाजा खायौं र यात्रा सुरु गर्यौं । शरीर झन् शिथिल हुँदै गइरहेको थियो, तर अघि बढ्नुको विकल्प थिएन । करिब ४ घण्टाको हिँडाइपछि रेचि पुग्यौं र त्यहीँ खाना खायौं । त्यसपछि ठाडो उकालो सुरु भयो-२६०० मिटरबाट ३७०० मिटर उचाइमा चढ्नु पर्ने थियो । साथीसँग अलि गाह्रो भयो, तर मलाई सहज थियो किनभने यसअघि पनि उच्च हिमाली यात्रा गरिसकेको थिएँ ।

करिब २ घण्टा ३० मिनेटको ठाडो उकालोपछि शे-फोक्सुण्डो झरना देखापर्‍यो । सारा थकान हरायो । झरनाको अवलोकनपछि करिब ४५ मिनेट तेर्सो बाटो हिँड्दा रिङ्मो गाउँ पुग्यौं । त्यहाँका घर, भेषभूषा, भाषा र जीवनशैलीले मोहनी लगायो । साँझ ५:३० मा विश्वकै गहिरो ताल-सुन्दर शे-फोक्सुण्डो ताल-पुग्यौं । ताल नजिकैको होटलमा बास बस्यौं र थकाइ मेट्न खाना खाएर सुत्यौं ।



**पाँचौं दिन**

बिहान ५ बजे उठ्यौं । हामी चार जनालाई दुई टिममा बाँड्यौं । रामलालजी र राजकुमार जी बायाँपट्टि रहेको भ्यूपोइन्टतर्फ, घनश्याम र म माथिल्लो भ्यूपोइन्टतर्फ लाग्यौं । हाम्रो बाटो अलि कठिन थियो । सूर्योदयको किरण बिस्तारै तालमा पर्न थाल्यो । १ घण्टा ३० मिनेटको ठाडो उकालोपछि ४६०० मिटर उचाइमा रहेको तेस्रो भ्यूपोइन्ट पुग्यौं ।

फोक्सुण्डो ताल तलबाट टल्किरहेको देख्दा साँचै शब्दहीन भएँ-कल्पनाभन्दा सुन्दर ! जब सुर्यको किरण पुरै तालमा पर्‍यो, लाग्थ्यो कुनै नामुद चित्रकारले कोरेको काल्पनिक चित्र हो । निलो आकाश, वरिपरिका सेता हिमालहरू र फिक्का निलो ताल-आहा !

त्यो क्षण अलौकिक थियो । केही समय प्रकृतिसँग अन्तरसंवाद गरें । कठिन यात्रा भए पनि गन्तव्यको सुन्दरता सबै थकान मेटाउने रहेछ । फर्किने बेला आयो । मन नलागे पनि फर्किनै पर्‍यो । तल झर्यौं, अर्को टिमसँग भेट भयो । ताल किनारमा केहीबेर रमाइलो गर्दै खाना खायौं र १२ बजे फर्कियौं । ओरालो बाटोले शरीर अझै थकित बनायो । साँझ छेप्का पुग्यौं र त्यहीं बास बस्यौं ।

**छैटौं दिन**

बिहान ५ बजे उठेर यात्रा सुरु गर्यौं । करिब ३ घण्टाको हिँडाइपछि सुलिगढ पुग्यौं जहाँ बाइक राखिएको थियो । अत्यन्त थकित शरीर लिएर दुनै बजार पुग्यौं, तर बजारमा खाना पाइनन् । सामान्य खाजा खाएर फर्कियौं । बेलुका ८ बजे रुकुमकोट पुग्यौं र बास बस्यौं ।

सातौं दिन बिहान ५ बजे रुकुमकोट छोड्यौं । कात्री बजारमा पेट्रोल हाल्यौं र चिया खायौं । बिहान ११ बजे बाग्लुङ पुग्यौं र त्यहीं खाना खायौं । त्यसकै बीचमा घरमा अप्रिय घटना भएको समाचार आयो । सबै जना स्तब्ध भयौं । छिटोभन्दा छिटो घर पुग्ने गरी दौड्यौं । राति ९ बजे घर आइपुग्यौं र २०८२ असोज २६ गते शे-फोक्सुण्डो यात्रा त्यहीं समाप्त भयो ।

**सारांश**

- कैलाश-२, बैकुण्ठ (मकवानपुर) देखि शे-फोक्सुण्डो ताल (डोल्पा) सम्म जम्मा ६४१ किलोमिटर ।
- शे-फोक्सुण्डो ताल ३६३९ मिटर उचाइमा रहेको ।
- २ दिन जान र २ दिन आउन पैदल यात्रा आवश्यक ।
- पैदलमार्ग सहज ।
- अन्य ट्रेकिङ रुटभन्दा यो रुटमा खाना र बसाइ सस्तो ।
- शे-फोक्सुण्डो ताल अत्यन्तै सुन्दर ।

**सुझाव**

- काठे साँघुहरू पुराना र जोखिमयुक्त भएकाले मर्मत गर्न आवश्यक ।
- पैदलमार्गमा एउटा होटलबाट अर्को होटलको दूरी धेरै भएकाले थप होटलहरूको व्यवस्था हुनुपर्छ ।
- पैदल यात्रामा ३ दिनसम्म मोबाइल नेटवर्क नचल्ने भएकाले सम्पर्कविच्छेद हुन्छ-त्यसका लागि नेटवर्क टावर स्थापना हुनुपर्छ ।

# 'जेरी अन टप' ले किन बक्स अफिसमा आँधी ल्यायो ?



काठमाडौं /'जेरी अन टप'ले घरेलु फिल्मलाई चलायमान बनाएको छ । कमाइको औपचारिक हिसाब आइसकेको त छैन (आइतबार दिउँसो २ बजेसम्म), यद्यपी यसले १० करोडको आँकडालाई निकट भविष्यमै पार गर्नसक्छ । यदि यसो भयो भने, अभिनेता अनमोल केसीको करिअरमा यो पर्वतीय-रोमान्टिक कथा १० करोड कमाउने पहिलो फिल्म बन्नसक्छ । यसतर्फ बक्सअफिसका सूचक सकारात्मक छन् ।

दशैंका फिल्मले दर्शकलाई हलसम्म फर्काउन नसकेको बेला, 'जेरी अन टप'ले त्यो साहस देखाएको छ । फिल्म 'सुपरहिट' बन्ने बाटोतर्फ उन्मुख छ । कुनै फिल्म हिट हुनु पछाडि त्यसको अंकगणित मात्र जिम्मेवार छैन, दर्शक कस्तो कथा हेर्न रुचाउँछन् भन्ने मुड पनि बुझ्नु हो । 'जेरी अन टप' किन व्यवसायिक सफल भयो भन्ने कुराबारे यहाँ सैद्धान्तिक चर्चा गरिन्छ ।

यो फिल्मको मुख्य पाटो यसमा लुकेको 'सौन्दर्य' तत्व हो । यसभित्र भूगोलको सौन्दर्य छ । सुन्दर मानिस छन् । दृश्यको सौन्दर्य छ । संगीत सुन्दर छ । छायांकन सुन्दर छ । त्यो चम्किलो सौन्दर्यसँग उज्यालोको पर्व 'तिहार' कनेक्ट हुनसक्यो । यसभित्र प्रेमको भाव छ । कथाको केन्द्रमा सम्बन्ध निहित छ । त्रिकोणात्मक प्रेम एकातिर छ । अर्कोतिर बाउसँगको द्वन्द्वात्मक प्रेम ।

जेनजी आन्दोलन र उथलपुथलपछि दर्शक हलमा फर्किएका छन् । यो समयमा दर्शक हिंसा, मारकाटका कथा समेटिएका फिल्मभन्दा हिंसा र जटिलतामुक्त भएका कथा हेर्न र सुन्न रुचाउँछन् । दर्शक हिंसाको मनोविज्ञानबाट मुक्त भएर 'इस्केप्टिक' फिल्म हेर्दै शान्त हुन चाहेको रुपमा यसलाई बुझ्न सकिन्छ । यसको अर्थ, मानिस हिंसा र जटिलताबाट हुन चाहन्छन् भन्ने हो ।

'जेरी अन टप' सरल छ । यसभित्र जटिलता छैन । आँखालाई बिझाउँदैन । फिल्म सामान्य र सरल छ । यसको कथाको केन्द्रमा जेनजी पुस्ताको मनोविज्ञान छ । अनमोल केसीले पात्रमार्फत त्यो पुस्ताको प्रतिनिधित्व गरेका छन् । जुन पुस्ता आफूलाई देख्न चाहन्छ, त्यसको कथा र चरित्र चित्रण यसभित्र छ ।

फिल्मभित्र जेनजी पुस्ताको अठोट छ । अघिल्लो पुस्ताले हासिल गर्न नसकेको उपलब्धि यो पुस्ताले हासिल गर्‍यो । फिल्ममा जेनजी पुस्ताको सशक्तता छ । जेनजी फ्याक्टरले काम गरेको बुझ्न सकिन्छ । नेपालका लागि सगर माथा र हिउँ सँधै सौन्दर्यको प्रतिनिधित्व गर्ने तत्व हुन् । एभरेस्टको मनोविज्ञान त सौन्दर्यको मनोविज्ञान हो । त्यो भन्दा पनि चुचुरोमा पुग्ने कुरासँग धेरैको अठोट जोडिन्छ ।

हामीलाई हिउँ र हिमालसँग अपनत्व छ । हिमाल फ्याक्टर पनि एउटा पृष्ठभूमि हो बुझ्न सकिन्छ । अघिपछि मूलधारको नेपाली फिल्ममा नदेखिने शेर्पा र उच्च हिमाली क्षेत्रको समुदाय अहिले 'जेरी अन टप'मा दर्शक बनेर पुगेका छन् । किनभने, सगरमाथासँग 'ग्लोबल अपिलिङ' जोडिएर आउँछ । यी त भए सैद्धान्तिक विवेचना । यसबाहेक टिजर-ट्रेलर-गीत जस्ता सामग्रीले यो फिल्मको प्रवर्धनमा भूमिका खेलेका छन् ।

# कसरी सुरक्षित भयो 'हरिबहादुरको जुत्ता'को लगानी ?



काठमाडौं /दशैंको फूलपातीमा प्रदर्शन भएको फिल्म 'हरिबहादुरको जुत्ता' अधिकांश हलबाट उत्रिसकेको छ । फिल्मले प्रदर्शनको तीन हप्ता भने राम्रो दर्शक पाएको थियो । त्यस अवधिमा फिल्मले ४ करोड ६० लाखको ग्रस व्यापार गर्‍यो । यसबाट निर्माताको हातमा बढीमा २ करोड पर्ने देखिन्छ । यतिमा फिल्मको लगानी भने सुरक्षित हुँदैन । किनकि, यो फिल्म ३ करोड ३७ लाखमा बनेको हो ।

तर, हलको व्यापार सहित विभिन्न राइट्स र विज्ञापनबाट भने फिल्मले लगानी उठाएको छ । फिल्मको अमेरिका र क्यानडाको राइट्स मात्र ५८ लाखमा बिक्री भएको थियो । डिजिटल राइट्स ओएसआरले ७० लाखमा किनेको चर्चा छ । फिल्ममा १० वटा ब्रान्डका विज्ञापन पनि थिए, जुन २० लाख हाराहारीको थियो । यसरी हेर्दा, फिल्मको लगानी पूर्ण रूपमा सुरक्षित भएको देखिन्छ ।

'हरिबहादुरको जुत्ता'को लगानी उठेसँगै यसका निर्माता सरोज वलीले अर्को वर्ष नयाँ फिल्म ल्याउने घोषणा गरिसकेका छन् । केही दिनअघि उनले फेसबुकमा लेखेका थिए, 'बक्स अफिस व्यापार, विदेश प्रदर्शन, डिजिटल राइट्स र विज्ञापनमार्फत हामीले हाम्रो लगानी सुरक्षित गर्न सफल भएका छौं। हाम्रो टिम नयाँ फिल्म निर्माणको तयारीमा जुटेको छ । २०८३ सालमा पुन: हलमा भेटौंला ।'

'हरिबहादुरको जुत्ता'सँग एकैसाथ प्रदर्शनमा आएका अन्य दुई फिल्ममध्ये 'बलिदान'ले ५ करोड र 'माइतीघर'ले ३ करोड ८८ लाख कमाएका छन् । दशैंको टीकाको दिन प्रदर्शन भएको साउथ फिल्म 'कान्तारा'ले भने १० करोड बढीको व्यापार गरेको छ । यसरी हेर्दा, नेपाली र साउथ फिल्मले गरी दशैंको अवसरमा लगभग २४ करोड कमाएका छन् । यसलाई उत्साहजनक नै मान्न सकिन्छ ।

# 'वरिष्ठ बलराम'को 'न्याउली वनैमा' गीत: एक महिनामा एक करोड भ्यूज

काठमाडौं/भाइटीकाको दिन (कात्तिक ६ गते)बाट प्रदर्शनमा आएको फिल्म 'वरिष्ठ बलराम'ले बक्स अफिसमा सुखद् व्यापार गरि रहँदा यसमा समावेश गीत 'न्याउली वनैमा'ले युट्युबमा ठूलो उपलब्धि हासिल गरेको छ । गत असोज ८ गते रिलिज भएको यो गीतलाई एक महिनामा एक करोडभन्दा बढीले हेरेका छन् । युट्युबमा गीतको यो उपलब्धि टिकटकका कारण सम्भव भएको हो ।

'न्याउली वनैमा' गीतमा ठूलो संख्यामा टिकटक भिडियो बनेका छन् । जसले गर्दा दर्शकलाई युट्युबमा खोजी-खोजी गीत हेर्न बाध्य बनायो । तिहारमा देउसी-भैलोमा पनि यही गीत सर्वाधिक घन्किँदा युट्युबमा भ्यूज ह्वात्तै बढेको थियो । तिहारको समयमा मात्र गीतमा ३५ लाख बढी भ्यूज थपियो । तिहारअघि युट्युबमा गीत हेर्नेको संख्या ६५ लाख आसपास थियो ।

'न्याउली वनैमा' गीत लोकप्रिय हुँदा फिल्मको व्यापारमा पनि ठूलो फाइदा पुगेको छ । कतिपय दर्शकलाई हलमा फिल्म हेर्न गीतले नै आकर्षित गरेको छ । फिल्मका कलाकारहरू पनि हल-हलमा पुगेर यही गीतमा नृत्य गर्दै दर्शकलाई मनोरञ्जन दिइरहेका छन् ।



दर्शकमाझ यो गीतको तेस्रो अन्तरा 'न्याउली वनैमा, हितैको मायालाई राखे मनैमा' बढी चर्चित छ ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको 'वरिष्ठ बलराम'मा दयाहाङ राई, विजय बराल, समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी लगायतको अभिनय रहेको छ ।

निर्देशक पौडेल स्वयंको कथा तथा सम्पादन रहेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ । फिल्मले दुई पात्रबीचको अस्तित्वको संघर्षलाई मुख्य कथावस्तु बनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अब सबै सार्वजनिक संस्थानको नियमनकारी र सेवा प्रदायक भूमिका अलग

काठमाडौं /अब सबै सार्वजनिक संस्थानको नियमनकारी र सेवा प्रदायक भूमिका अलग गरिने भएको छ । सरकारले सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति २०८२ कार्यान्वयनमा ल्याएसँगै सार्वजनिक संस्थानको नियमनकारी र सेवा प्रदायक भूमिका अलग गरिने भएको हो । 'सार्वजनिक संस्थानको नियमनकारी तथा सञ्चालन सम्बन्धी कार्य अलग गरिने छ,' उक्त नीतिको कार्यनीतिमा छ ।

सार्वजनिक संस्थानको व्यवस्थापन तथा कार्य सम्पादनमा संस्थागत स्वायत्तता सुनिश्चितता गर्ने उद्देश्य नयाँ नीतिले राखेको छ । अहिले नेपाल नागरिक उड्डयन प्राधिकरण सहित संस्थानले नियमनकारी र सेवा प्रदायक दुवै भूमिका एउटै निकायले निर्वाह गरि रहेका छन् । लामो समयदेखि यस्तो भूमिका अलग गर्ने नीति सरकारको रहे पनि कर्मचारीको असहयोगका कारण सरकारले कार्यान्वयन भने गर्न सकेको छैन । नयाँ नीतिमा सार्वजनिक संस्थान सञ्चालक समितिलाई नीति निर्माण तथा व्यावसायिक उद्देश्य प्राप्ति र सञ्चालन रणनीति तयार गरी कार्यान्वयन गर्न सक्षम र स्वतन्त्र बनाइने समेत उल्लेख छ ।

पदाधिकारी र कर्मचारीलाई कार्यसम्पादन प्रति पूर्णत: जिम्मेवार र जवाफदेही बनाउने समेत नयाँ नीतिको उद्देश्य छ । संस्थानबाट उत्पादन तथा वितरण हुने वस्तु तथा सेवाको बजार अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश र वस्तु तथा सेवाको लागतका आधारमा व्यवस्थापन र सञ्चालक समितिले अब यथार्थमा आधारित मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउने समेत नयाँ नीतिमा छ ।

**सरकारले काममा हस्तक्षेप नगर्ने**

सार्वजनिक संस्थानको काममा सरकारले हस्तक्षेप नगर्ने नीति लिइने भएको छ । संस्थान व्यवस्थापनलाई सञ्चालक समितिको निर्णय कार्यान्वयन, वस्तु तथा सेवा उत्पादन र वितरण एवं आन्तरिक कार्य सञ्चालनमा स्वायत्त बनाइने रणनीतिमा उल्लेख छ । सस्थानको कार्यप्रणाली पूर्णत: व्यावसायिक बनाइने भएको छ । संस्थानमा तत्कालीन, मध्यकालीन र दीर्घकालिन व्यावसायिक योजना बनाइ कार्यान्वयन गरिने समेत रणनीतिमा उल्लेख छ ।

यस्तो कार्ययोजना बनाउने र सञ्चालक समितिबाट पारित गराइ कार्यान्वयन गर्ने जिम्मेवारी कार्यकारी प्रमुखको हुनेसमेत जिम्मेवारी तोकिएको छ । यस्तो कार्ययोजनाको प्रगति विश्लेषण हरेक वर्ष अर्थ मन्त्रालयले गर्दै सार्वजनिक गर्ने छ । 'नेपाल सरकारले निर्देशन दिनुबाहेक संस्थानको दैनिक कार्यमा हस्तक्षेप नगर्ने व्यवस्था मिलाइने छ,' नीतिमा छ ।

**संस्थानको वर्गीकरण हुने, निजी क्षेत्रसाग प्रतिस्पर्धा गर्ने संस्थान व्यावसायिक**

सरकारको नयाँ नीति अनुसार संस्थानलाई अब व्यावसायिक र रणनीतिक गरी दुई समूहमा वर्गीकरण गरिने भएको छ । निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षेत्रका संस्थानलाई व्यावसायिक सार्वजनिक संस्थानका रूपमा वर्गीकरण गरिने भएको छ । यस्ता संस्थानका लागि खरिद प्रक्रिया सरलीकृत गरिने भएको छ । नेपाल सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न वा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न वा निजी क्षेत्र संलग्न नभएको अत्यावश्यक सेवा प्रदान गर्न आवश्यक भएको संस्थानलाई रणनीतिक सार्वजनिक संस्थानका रूपमा वर्गीकरण गरिने भएको छ । सार्वजनिक संस्थान स्थापनाको कानुनी आधार परिवर्तन गर्दै सबै संस्थानलाई कम्पनीमा रूपान्तरण गरिने भएको छ ।

**सञ्चालक समिति पुनर्संरचना गरिने**

नयाँ नीति अनुसार सबै सार्वजनिक संस्थानमा कानुनी सुधार गरी सेयर स्वामित्वका आधारमा सञ्चालकको प्रतिनिधित्व हुने व्यवस्था मिलाइने भएको छ । सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा ६ पटक अनिवार्य बस्नुपर्ने व्यवस्था मिलाइँदै छ । हरेक सञ्चालकले एक आवमा कम्तीमा ७५ प्रतिशत बैठकमा उपस्थिति जनाएको हुनुपर्ने भएको छ ।

**खरिद विनियमावली अध्यावधिक गरिने**

सरकारले सार्वजनिक खरिद कानुनसँग मेल खाने गरी सार्वजनिक संस्थानको खरिद विनियमावली अध्यावधिक गर्ने समेत जनाएको छ । सञ्चालक समितिका लागि आचारसंहिता बनाउने र वित्तीय स्वार्थ रहेको कारोबारमा संलग्न हुन नहुने गरी नियम बनाइने आचारसंहितामा उल्लेख छ । आफ्नो पद दुरुपयोग गरी व्यक्तिगत लाभ लिए कारबाहीको भागिदार हुनुपर्ने छ । आफू सञ्चालक रहेको संस्थानको खरिद प्रक्रियामा सहभागी हुन नपाइने गरी तोकिने भएको छ ।

### धमाधम रुग्ण ठेक्का तोडिँदैः निर्माण व्यवसायी संघले जनायो आपत्ती

# सिंचाईका १२ रुग्ण र सडकका थप ४० रुग्ण ठेक्का तोड्ने तयारी

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ सरकारले धमाधम रुग्ण ठेक्का तोड्न थालेको छ । ठेक्का सम्झौता गर्ने तर, समयमै काम सम्पन्न नभएका आयोजनाको ठेक्का तोड्न थालेको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय मातहतका निकायबाट ठेक्का तोड्न थालिएको छ । हालैमात्र सिंचाई मन्त्रालयले ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका सिंचाइतर्फका १२ रुग्ण ठेक्का तोडेको छ । साविकको जनताको तटवन्ध कार्यक्रम फिल्ड कार्यालय नं २ जलेश्वर महोत्तरीअन्तर्गतका १२ रुग्ण ठेक्का तोडिएको छ । बबई सिंचाई आयोजनाका ६ रुग्ण ठेक्का तोड्न ३० असोजमा १५ दिने सार्वजनिक सूचना प्रकाशित भइसकेको उर्जा मन्त्रालयले जानकारी दिएको छ ।



ऊर्जा, जलस्रोत तथा सिंचाई, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले ठेक्का लिने तर, काम नगर्ने र आयोजना अलपत्र पार्ने प्रवृत्ति अन्त्यका लागि रुग्ण ठेक्का तोड्न मातहतका निकायलाई निर्देशन दिएको थियो । सोही बमोजिम ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइएको मन्त्री घिसिङको सचिवालयले जानकारी दिएको छ । सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना, जनकपुरधामले आईतवार सार्वजनिक सूचनामार्फत् १६ जेठ २०८१ र १ साउन २०८१ मा ठेक्का अन्त्य गर्ने आशयको सूचना दिइएपनि निर्माण व्यवसायीबाट सम्झौता बमोजिम काम सम्पन्न नगरी निर्माण अलपत्र पारेकाले ठेक्का अन्त्य गरिएको जनाएको छ ।

कार्यालयबाट पटक पटकको अनुरोध तथा सर्वाजनिक सूचना जारी गर्दासमेत काम गर्न कुनै ध्यान नदिइएको हुँदा सम्झौतामा उल्लेखित प्रावधानअनुसार कार्यसम्पादन जमानत जफत गर्ने कारबाही अगाडि बढिसकेको जनाएको छ । सार्वजनिक खरिद कानूनको व्यवस्था बमोजिम अन्य आवश्यक कारबाही अगाडि बढाउन हालसम्म गरिएको कामको नापजाँच एवं बाँकी कामको मूल्यांकन गर्न १५ दिनभित्र सम्पन्न गर्न जानकारी गराइएको छ । यस्तै, सडक र पुल निर्माणका लागि ठेक्का सम्झौता गरी काम नगरेर वर्षौंदेखि अलपत्र पारिएका थप ४० रुग्ण ठेक्का तोड्ने प्रक्रिया सुरु भएको छ ।

सडक विभागअन्तर्गत् सडक डिभिजन कार्यालय तुम्लिङटार, इलाम, हेटौंडा र नेपालगञ्जले आईतवार आफू मातहत रुग्ण अवस्थामा रहेका ४० वटा ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएका छन् । तुम्लिङटारले १७, इलामले १२, हेटौंडाले ७ र नेपालगञ्जले ४ ठेक्का गरी ४० ठेक्का ठेक्का किन नतोड्ने ? भन्दै आईतवार सार्वजनिक सूचना जारी गरेका छन् । विभिन्न सडक डिभिजन कार्यालयले यसअघि रुग्ण ६८ ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइसकेका छन् । ठेक्का तथा योजनाको पटकपटक म्याद थप भई तोकिएको अवधिमासमेत निर्माणकार्य सम्पन्न गर्नेतर्फ चासो नदेखाई निर्माणकार्य अधुरो तथा अलपत्र परी निर्माण व्यवसायी लामो समयदेखि कार्यस्थलमा भौतिकरुपमा उपस्थित नभएर आधारभूतरुपमा ठेक्का सम्झौता उल्लंघन गरेको उल्लेख गरिएको छ ।

विभिन्न मितिमा लिखित तथा मौखिकरुपमा कार्यसम्पन्न गर्न अनुरोध तथा जानकारी गराउँदा समेत निर्माण व्यवसायीबाट निर्माण कार्य सम्पन्नतर्फ कुनै चासो नदेखाई ठेक्का सम्झौता उल्लंघन गरिएको जनाइएको छ । सूचना प्रकाशित भएको १५ दिनभित्र काम सम्पन्न गर्नसक्ने संसोधित कार्यतालिका, स्रोतसाधन परिचालनको भरपर्दो योजना, कार्य सम्पन्न गर्ने प्रतिवद्धता र ठेक्का नतोड्ने कुनै मनासिव कारण भए सत्यतथ्य प्रमाण राखी स्पष्टीकरण सहित आधिकारिक व्यक्ति कार्यालयमा उपस्थित हुन सार्वजनिक आह्वान गरिएको छ ।

यो अवधमिा काम सुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद कानूनमा भएको व्यवस्था बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत, धरौटीबापतको रकम, पेश्की जमानत जफत र पेश्की र कमको १० प्रतिशत ब्याज असुल गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च सरकारी बाँकीसरह असुलउपर गर्नेतर्फ कारबाही अगाडि बढाइने उल्लेख गरिएको छ । यता निर्माण व्यवसायी महासंघले सरकारले आयोजनाको ठेक्का तोड्नु गलत भएको बताएको छ । पछिल्लो समय विकासे मन्त्राललले रुग्ण आयोजनाको ठेक्का अन्त्य गरिरहेको भन्दै महासंघले विरोध गरेको हो ।

महासंघका अध्यक्ष रवि सिंहले ठेक्का अन्त्य गर्ने कदम सुन्नमा अत्यन्तै कर्णप्रिय भएपनि त्यसको परिणाम नहेरिएको बताएका छन् । उनकाअनुसार ठेक्का अन्त्यपछिको परिणामलाई सरकारले हेरेको छैन । ठेक्का अन्त्य गर्दा सरकारले कारण पहिचान गर्न जरुरी रहेको बताए ।

# छठका लागि हेटौंडा-६ बाट तीन क्विन्टल अदुवा बोटसहित बिक्री



साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ छठपर्वका लागि यसवर्ष मकवानपुरको हेटौंडा उपमहानगरपालिका-६ का किसानले करिब तीन क्विन्टल अदुवा बोटसहित बिक्री गरेका छन् ।

छठमा अदुवाको बोट (स्याउला) चढाउने चलन भएकाले बोटसहितको अदुवाको माग उल्लेख्यरुपमा बढेको हो । प्रतिकिलो ८० रुपैयाँमा स्याउलासहित अदुवा व्यापारीले खेतबाट नै उठाएको स्थानीय किसान युवराज तिम्ल्सिनाले बताए । अदुवाको बुढी बिक्रीबाट लगानी उठिसकेकोले बोट बिक्रीबाट मुनाफा भएको उनले बताए । तिम्ल्सिनाले मात्रै एक क्विन्टल अदुवा बोटसहित बिक्री गरेका छन् भने बाँकी दुई क्विन्टल अन्य किसानले बिक्री गरेका हुन् । व्यापारीहरु बीरगन्ज, कलैयालगायत सहरबाट सीधै किसानको बारीमै पुगेर अदुवा खरिद गरेका थिए । अदुवाखेती हुने अधिकांश क्षेत्र बाँदर प्रभावित क्षेत्र हो ।

बाँदरले धान, मकै, कोदो जस्ता अन्नबाली नष्ट गर्न थालेपछि किसानले वैकल्पिकरुपमा अदुवा र बेसारखेती गर्न थालेका हुन् । पहिले बाँदरले खेती नष्ट गरेर हैरानी खेपेका किसानले अहिले अदुवा र बेसार लगाएका हुन् । अदुवाको खेती बाँदरबाट सुरक्षित बालीको विकल्प बनेको छ । बारीमै व्यापारी पुग्ने, नगद हातमै पाइने र जोखिम कम हुने भएकाले किसानको उत्साह थपिएको छ । अदुवा र बेसारखेतीलाई प्रोत्साहन गर्न बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ससर्त अनुदानमा हेटौंडा उपमहानगर पालिकाले कृषि सहकारी संस्थामार्फत बीउ वितरण गरेको थियो ।

नौलोबिहानी कृषि सहकारीका अध्यक्ष विष्णु ढुंगानाका अनुसार, करिब पाँच हजार किलो अदुवाको बीउ ७६ जना किसानलाई मागका आधारमा वितरण गरिएको थियो । यस्तै, पाँचसय किलो बेसारको बीउ २९ जनालाई वितरण गरिएको उनले बताए । बीउ वितरणमा ५० प्रतिशत लगानी प्रदेश सरकार र बाँकी ५० प्रतिशत सहकारीको रहेको छ । बेसारखेतीमा सहभागी किसानले दुई वर्षभित्र लगाएको बीउ बराबर फिर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ । किसानले फिर्ता गरेको बीउ अर्को किसानसम्म घुम्तीरुपमा पुगोस् भन्ने उद्देश्य राखिएको अध्यक्ष ढुंगानाले बताए ।

छठपर्वका कारण अदुवाको मूल्य पनि गतवर्षको तुलनामा बढेको छ । सामान्य समयमा प्रतिकिलो ५०/६० रुपैयाँमा बिक्री हुने अदुवा अहिले किसानको बारीबाटै ८० रुपैयाँमा बिक्री भइरहेको छ । बाँदरको आतंकका कारण खेती छाड्न बाध्य किसान अहिले अदुवाको हरियो बोटमै मूल्य पाउँदा दंग परेका छन् ।

# द्रूतमार्ग निर्धारित मितिमै सम्पन्न हुन्छ, लागत बढ्दैनः नेपाली सेना



साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ नेपाली सेनाले काठमाडौं-तराई मधेश द्रूतमार्गको काम तोकिएको मिति र पूर्वअनुमानित लागतमै सम्पन्न गर्ने दावी गरेको छ ।

विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरु गर्न केही ढिलाइ भएपनि निर्धारित मिति २०८३ सालको चैत मसान्त र प्रारम्भिक अनुमानित लागत दुई खर्ब १३ अर्ब रुपैयाँभित्रै निर्माण सम्पन्न हुने नेपाली सेनाको युद्धकार्य निर्देशक मनोज थापाले दावी गरे । सेनाले २०७४ वैशाखमा काठमाडौं-तराई मधेश द्रूतमार्ग निर्माणको जिम्मेवारी लिएको थियो । ७१ किलोमिटर लम्बाइको आयोजनाको भौतिक प्रगति अहिलेसम्म ४३ दशमलव ६ प्रतिशत र वित्तीय प्रगति ४४ दशमलव ७२ प्रतिशत रहेको आयोजना निर्देशक धर्मेन्द्रकुमार झाले जानकारी दिए । द्रूतमार्ग अन्तर्गत ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्ने छ ।

तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल रहने छन् । त्यस्ता पुलसमेत निर्माणको अन्तिम चरणमा पुगेकाले आयोजना निर्धारित मितिमै सकिने सेनाको दावी छ । यो काठमाडौं उपत्यकासँग मध्यतराईको सीधा सम्पर्क जोड्ने छोटो दूरीको राजमार्ग हुनेछ । आयोजनाअन्तर्गतका सातवटा सुरुङमध्ये दुईवटा छिचोलिएको, दुईवटा निर्माणाधीन रहेका र तीनवटाको 'पोर्टल' कार्य भइरहेको सेनाले जनाएको छ । सेनाले अहिलेसम्म रणनीतिक महत्वका ३२ वटा सडक आयोजना सम्पन्न गरेको जनाएको छ ।

आयोजनामा अहिले प्याकेज नम्बर १ देखि १० सम्म विभिन्न निर्माणको काम जारी छ । यो आयोजना कुल ७० दशमलब ९८ किलोमिटर लम्बाइको हो । जसमध्ये १० दशमलब ९९ किलोमिटरमा सुरुङ रहेको छ । यो कुल लम्बाइको १५ दशमलब ४८ प्रतिशत हो । सुरुङतर्फको भौतिक प्रगति ६१ दशमलब ११ प्रतिशत छ । आयोजनामा कुल १२ दशमलब ८८ किलोमिटर अर्थात् १८ दशमलब १५ प्रतिशत पुलको हिस्सा रहने छ । ८९ स्थानमा साना तथा ठूला पुल निर्माण गरिँदैछ ।

सडकतर्फ प्यासेन्जर अन्डरपास १, भेइकल अन्डरपास २२ र बक्स कल्भर्ट निर्माण २६ वटा सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । आयोजनाको सुरुवाती बिन्दु खोकना तथा ललितपुर जिल्लाको बुङमति र फर्सिडोल क्षेत्रमा जग्गाको मुआब्जा वितरण हुन अझै बाँकी छ । देशको प्रमुख सुरक्षा संगठन नेपाली सेनाले रणनीतिक महत्वका ३२ वटा सडक आयोजना सम्पन्न गरेको जनाएको छ । त्यसक्रममा एक हजार ४०० किलोमिटरभन्दा बढी सडकको 'पाइलट ट्र्याक' खोली सरकारलाई हस्तान्तरण गरिसकेको युद्धकार्य निर्देशक थापाले जानकारी दिए ।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको कर्णाली करिडोरको खार्पुनाथस्थित चुवाखेलामा बेलिब्रिज जडानपछि हुम्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । यसमा पनि नेपाली सेनाको योगदान रहेको छ । नेपाली सेनाले हाल खाँदवारी-किमाथाङका, कर्णाली करिडो, बनीघाट-आरुघाट-लर्कभञ्ज्याङ र दार्चुला-टिंकरणसहितका पाँचवटा सडक आयोजनाअन्तर्गत करिब २७४ किलोमिटरभन्दा बढी सडक निर्माण गरिरहेको छ ।

# देउसीभैलोबाट खाद्यान्न र स्टेशनरी मामाघरलाई



साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ ग्लोबल युथ इन्टरप्रेनर्स ट्रेनिङ ईन्स्टिच्युट प्रालि हेटौंडा-१० ले तिहारमा देउसीभैलो खेलेर संकलन भएको रकमबाट सडक बालबालिकाको क्षेत्रमा सक्रिय हेटौंडाको मामाघरलाई ५० हजार रुपैयाँ बराबरको खाद्यान्न र स्टेशनरी सहयोगस्वरुप उपलब्ध गराएको छ ।

प्रालिका हेटौंडा शाखाप्रमुख बीरु मेचेको नेतृत्वमा मामाघर हेटौंडा-११ मा पुगेर मामाघरका प्रमुख संरक्षक अर्पण पराजुलीलाई सहयोग हस्तान्तरण गरिएको थियो । विभिन्न जिल्लाबाट आएर हेटौंडामा कार्यरत कर्मचारीलाई तिहारमा रमाइलो पनि हुने र कुनै बालआश्रममा सहयोग पनि गर्ने आशयले देउसी खेलिएको र सबैको सल्लाहमा मामाघर नेपालमा सहयोग गर्न पाउँदा अत्यन्तै धेरै खुसी लागेको मेचेले बताए । मामाघर नेपाल यस्तै दान, चन्दा, उपहार र सहयोगमा संचालित सामाजिक संस्था हो ।

# शर्मा र गुप्ताले मन्त्रीको शपथ लिए, श्रेष्ठ र सुनारको नाम काटियो

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ नवनियुक्त दुईजना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति भवन शीतलनिवासमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार स्वास्थ्य तथा जनसंख्या मन्त्री डा. सुधा शर्मा गौतम र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई शपथग्रहण गराएका हुन् ।



यसअघि प्रधानमन्त्री सुशीला कार्कीले गणपतिलाल श्रेष्ठ र खगेन्द्र सुनारलाई पनि मन्त्रीमा सिफारिश गरेकी थिइन् । तर, अदालतमा मुद्दा विचाराधीन रहेको सार्वजनिक भएपछि प्रधानमन्त्री कार्कीले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा सिफारिश सुनारको नाम हटाइन् । यस्तै भूमि व्यवस्था तथा सहकारीमन्त्रीमा सिफारिश गरिएका श्रेष्ठको नाम अन्तिम समयमा फिर्ता भएको छ । श्रेष्ठको नाम फिर्ता हुनुको कारण खुलाइएको छैन । योसहित प्रम कार्कीले तेस्रोपटक मन्त्रिपरिषद् विस्तार गरेकी हुन् ।

अब मन्त्रिपरिषद् १० सदस्यीय बनेको छ । स्वास्थ्यमन्त्री गौतम प्रसूति तथा स्त्री रोग विशेषज्ञ एवम् भूतपूर्व स्वास्थ्यसचिव हुन् भने युवामन्त्री गुप्ता परोपकारी संगठन हन्ड्रेड ग्रुपका संस्थापक हुन् । अहिले संघीय कार्यपालिकामा २१ वटा मन्त्रालय छन् । तर, प्रधानमन्त्री कार्कीले यसअघि मन्त्रिमण्डल ११-१२ सदस्यीय मात्र हुने बताएकी थिइन् । जेनजी आन्दोलनका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पदबाट राजीनामा दिएपछि कार्की अन्तरिम सरकारको प्रधानमन्त्री बनेकी हुन् ।

# मकवानपुरकी सिडिओ श्रेष्ठको सरुवा, अधिकारी आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, ९ कात्तिक/ मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको सरुवा भएको छ । गृह मन्त्रालयले आइतबार देशभरका ३६ जना प्रमुख जिल्ला अधिकारी (प्रजिअ)हरुको सरुवा गरेकोमा मकवानपुरकी प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको पनि सरुवा भएको हो ।



श्रेष्ठको मकवानपुरको छिमेकी जिल्ला सिन्धुलीमा सरुवा भएको छ । त्यसैगरी मकवानपुरको प्रमुख जिल्ला अधिकारीको रुपमा सिराहाका प्रमुख जिल्ला अधिकारी रहेका बसन्त अधिकारी आउने भएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना